नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय जनगणना २०७८

# राष्ट्रिय जनगणना २०७८

# जिल्लास्तरीय नतिजा सार्वजनिक कार्यक्रम

२०८० असार १२ गते मंगलबार

<u>आयोजक:</u>
तथ्याङ्क कार्यालय
डोटी

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८



# राष्ट्रिय जनगणना २०७८
# नतिजाको सारांश

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय जनगणना २०७८

# विभिन्न जनगणना अनुसार नेपालको जनसंख्या


| जनगणना बर्ष (वि.सं) | जनसंख्या | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) | जनघनत्व (जनसङ्ख्या प्रतिवर्ग किलोमिटर) |
|---|---|---|---|---|
| १९६८ | ५६,३८,७४९ | ....... | ....... | ३८ |
| १९७७ | ५५,७३,७८८ | ....... | -०.१३ | ३८ |
| १९८७ | ५५,३२,५७४ | ...... | -०.०७ | ३८ |
| १९९८ | ६२,८३,६४९ | ...... | १.१६ | ४३ |
| २००९/११ | ८२,५६,६२५ | ९६.८ | २.२७ | ५६ |
| २०१८ | ९४,१२,९९६ | ९७.० | १.६४ | ६४ |
| २०२८ | १,१५,५५,९८३ | १०१.४ | २.०५ | ७९ |
| २०३८ | १,५०,२२,८३९ | १०५.० | २.६२ | १०२ |
| २०४८ | १,८४,९१,०९७ | ९९.५ | २.०८ | १२६ |
| २०५८ | २,३१,५१,४२३ | ९९.८ | २.२५ | १५७ |
| २०६८ | २,६४,९४,५०४ | ९४.२ | १.३५ | १८० |
| २०७८ | २,९१,६४,५७८ | ९५.६ | ०.९२ | १९८ |

# नेपालको जनसंख्या र जनसंख्या वृद्धिदर

- राष्ट्रिय जनगणना २०७८ अनुसार (जनगणना सन्दर्भ दिन २०७८ साल मंसिर ९ गते) नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ, जसमध्ये पुरुषको संख्या १,४२,५३,५५१ (४८.८७ प्रतिशत) र महिलाको संख्या १,४९,११,०२७ (५१.१३ प्रतिशत) छ। जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या ९५.५९ रहेको छ।
- गत २०६८ सालमा कुल जनसंख्या २,६४,९४,५०४ र लैङ्गिक अनुपात ९४.१६ थियो।
- दश वर्षको सरदर वार्षिक जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत देखिन्छ । वि.सं. २०५८ देखि २०६८ सम्मको दश वर्षमा सरदर वार्षिक जनसंख्या वृद्धिदर १.३५ प्रतिशत रहेको थियो।

# उमेर समूहअनुसार जनसंख्याको संरचना

- जनसंख्याको ५ वर्षको उमेर समूह अनुसार १५ देखि १९ वर्ष उमेर समूहमा कुल जनसंख्याको सबैभन्दा बढी प्रतिशत (१०.२%) रहेको छ ।
- जनसंख्या १० देखि १४ वर्ष उमेर समूहमा १०.०% जनसंख्या रहेको छ ।
- पुरुषको हकमा कुल पुरुष जनसंख्याको सबैभन्दा धेरै (१०.५%) १० देखि १४ वर्ष र १५ देखि १९ वर्ष उमेर (१०.५%) समूहको र महिलातर्फ कुल महिलाको सबैभन्दा धेरै (९.९%) १५ देखि १९ वर्ष उमेर समुहका र २० देखि २४ वर्ष (९.९%) उमेर समूहका व्यक्तिहरु रहेको छ ।
- उमेर समूह वढ्दै जाँदा जनसंख्याको प्रतिशत पनि कम हुँदै गएको छ ।



# विशेष उमेर समूह अनुसार जनसंख्याको संरचना

- १५ वर्षमूनीका आश्रित जनसंख्या कुल जनसंख्याको २७.८३ प्रतिशत र ६० वर्ष भन्दा माथिका आश्रित जनसंख्या १०.२१ प्रतिशत रहेको छ ।
- नागरिकता प्रमाणपत्र प्राप्त गर्न योग्य उमेर समूह (१६ वर्ष वा सो भन्दा माथि) का जनसंख्या कुल जनसंख्याको ७०.०९ प्रतिशत रहेको छ ।

| उमेर समूह | २०६८ | | २०७८ | |
|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १ वर्ष भन्दा कम | ४६९९७९ | १.७७ | ४१११५९ | १.४१ |
| ५ वर्ष भन्दा कम | २५६७९६३ | ९.६९ | २४३९२८३ | ८.३६ |
| ०-१४ वर्ष | ९२४८२४६ | ३४.९१ | ८११५५७५ | २७.८३ |
| १६ वर्ष वा सो भन्दा माथि | १६५९३७३३ | ६२.६३ | २०४४१८७५ | ७०.०९ |
| ०-१८ वर्ष | ११७६७९३५ | ४४.४२ | १०५७७९६९ | ३६.२७ |
| १५-५९ वर्ष | १५०९१८४८ | ५६.९६ | १८०७१६८५ | ६१.९६ |
| ६० वर्ष वा सो भन्दा माथि | २१५४४१० | ८.१३ | २९७७३१८ | १०.२१ |
| १५-४९ वर्षका महिला (कुल महिला मध्ये) | ७११७५२६ | ५२.१६ | ८२३२१८१ | ५५.२१ |
| ६८ वर्ष वा सो भन्दा माथि | ९९९४१७ | ३.७७ | १५२४७६३ | ५.२३ |
| १६-२४ वर्ष | ४६३७५२६ | १७.५० | ५१४२३३६ | १७.६३ |
| १६-४० वर्ष | १०६८९८४२ | ४०.३५ | १२४१२१७३ | ४२.५६ |

- क्रियाशील श्रमशक्तिसँग सम्बन्धित उमेर समूह अर्थात् १५ देखि ५९ वर्ष उमेरका व्यक्तिहरु ६१.९६ प्रतिशत छन् भने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सम्भाव्य ६८ वर्ष वा सो भन्दा माथिका जनसंख्या ५.२३ प्रतिशत रहेका छन् ।
- प्रजनन् योग्य उमेर अर्थात् १५ देखि ४९ वर्षका कुल महिलामध्ये ५५.२१ प्रतिशत रहेका छन् ।
- १६ देखि २४ वर्षको जनसंख्या १७.६३ प्रतिशत र १६ देखि ४० वर्षका युवाको जनसंख्या ४६.५६ प्रतिशत छ । २०६८ सालको जनगणनासँग तुलना गर्दा जनसंख्याको संरचनामा केही परिवर्तत भएको देखिएको छ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
**राष्ट्रिय जनगणना २०७८**


# भौगोलिक क्षेत्रअनुसार जनसंख्या

- जनगणना २०७८ अनुसार तराईमा कुल जनसंख्याको ५३.६१ प्रतिशत (१,५६,३४,००६ जना), पहाडमा ४०.३१ प्रतिशत (१,१७,५७,६२४ जना) र हिमाली क्षेत्रमा ६.०८ प्रतिशत (१७,७२,९४८ जना) जनसंख्या रहेको छ ।
- जुन दश वर्ष अघि अर्थात २०६८ मा क्रमशः तराईमा ५०.२७ प्रतिशत (१,३३,१८,७०५ जना), पहाडमा ४३.०१ प्रतिशत (१,१३,९४,००७ जना) र हिमाली क्षेत्रमा ६.७३ प्रतिशत (१७,८१,७९२ जना) रहेको थियो ।



# प्रदेश अनुसार जनसंख्या

- जनगणना २०७८ अनुसार प्रदेशमा सबैभन्दा धेरै जनसंख्या बागमती प्रदेशमा २०.९७ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ५.७९ प्रतिशत रहेको छ ।
- जुन गत २०६८ को जनगणनामा क्रमशः २०.८७ र ५.९३ प्रतिशत रहेको थियो ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

# राष्ट्रिय जनगणना २०७८

## सुदुरपश्चिम प्रदेशका ९ जिल्लाहरूको जनसंख्या विवरण

| क्षेत्र | | नेपाल | सुदुरपश्चिम प्रदेश | बाजुरा | बझाङ | दार्चुला | बैतड़ी | डडेल्धुरा | डोटी | अछाम | कैलाली | कञ्चनपुर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा परिवार संख्या | | ६६६६९३७ | ५७७१०२ | २८०६५ | ३८०४८ | २८४१७ | ४९४२८ | ३११९३ | ४५१८२ | ४९५९५ | १९५९५७ | १११२१७ |
| जनसंख्या | जम्मा | २९१६४५७८ | २६९४७८३ | १३८५२३ | १८९०८५ | १३३३१० | २४२१५७ | १३९६०२ | २०४८३१ | २२८८५२ | ९०४६६६ | ५१३७५७ |
| | पुरुष | १४२५३५५१ | १२७२७८६ | ६७०७० | ८८४७० | ६४४२४ | ११३८६४ | ६५८९३ | ९३६०४ | १०५३१९ | ४३३४५६ | २४०६८६ |
| | महिला | १४९११०२७ | १४२१९९७ | ७१४५३ | १००६१५ | ६८८८६ | १२८२९३ | ७३७०९ | १११२२७ | १२३५३३ | ४७१२१० | २७३०७१ |
| परिवारको औसत आकार | | ४.३७ | ४.६७ | ४.९४ | ४.९७ | ४.६९ | ४.९० | ४.४८ | ४.५३ | ४.६१ | ४.६२ | ४.६२ |
| लैंङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) | | ९५.५९०६७२५९ | ८९.५०६९३९८९ | ९३.८७ | ८७.९३ | ९३.५२ | ८८.७५ | ८९.४० | ८४.१६ | ८५.२६ | ९१.९९ | ८८.१४ |
| जनघनत्व | | १९८.१५४५०३६ | १३८ | ६३ | ५५ | ५७ | १५९ | ९१ | १०१ | १३६ | २८० | ३१९ |
| जनसंख्या २०६८ | | २६४९४५०४ | २५५२५१७ | १३४९१२ | १९५१५९ | १३३२७४ | २५०८९८ | १४२०९४ | २११७४६ | २५७४७७ | ७७५७०९ | ४५१२४८ |
| वार्षिक जनसंख्या वृद्धिदर (%) | | ०.९२ | ०.५२ | ०.२५ | -०.३० | ०.०० | -०.३४ | -०.१७ | -०.३२ | -१.१३ | १.४८ | १.२५ |
| अनुपस्थित (अक्सर विदेशमा बस्ने) जनसंख्या | परिवार संख्या | १५५५९६१ | १७२११५ | ६१८२ | १२५९३ | ५०८८ | १३११७ | ९२३३ | १७६२९ | १९४०९ | ५२८०७ | ३६०५७ |
| | जम्मा जनसंख्या | २१९०५९२ | ३४३५२३ | १४३३९ | ३४०९३ | ७४४८ | २२८२१ | १५५१८ | २८५७४ | ४४१६७ | ११०३२८ | ६६२३५ |
| | पुरुष | १७९९६७५ | २५५७६१ | ९६२१ | २२१७० | ६३४२ | १८५८१ | १२६८९ | २३७५९ | ३१०५६ | ७९९४७ | ५१५९६ |
| | महिला | ३९०९१७ | ८७७६२ | ४७१८ | ११९२३ | ११०६ | ४२४० | २८२९ | ४८१५ | १३१११ | ३०३८१ | १४६३९ |
| | प्रतिशत | १०० | १५.६८१७४२६५ | ०.६५ | १.५६ | ०.३४ | १.०४ | ०.७१ | १.३० | २.०२ | ५.०४ | ३.०२ |
| ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर जनसंख्या (%) | जम्मा | ७६.२४९८०००५ | ७६.२३०६३४४१ | ७१.२४ | ७०.५४ | ७७.७७ | ७६.७९ | ७८.१९ | ७०.७४ | ७२.६४ | ७७.६१ | ७९.६४ |
| | पुरुष | ८३.५५२१६५९८ | ८५.४३२३६८७५ | ७९.८३ | ८२.८४ | ८७.३३ | ८७.७० | ८९.११ | ८२.९१ | ८२.७७ | ८५.१६ | ८७.९१ |
| | महिला | ६९.३७१५१८६१ | ६८.१९१६१२२५ | ६३.३२ | ५९.९८ | ६८.९८ | ६७.३६ | ६८.६९ | ६०.८७ | ६४.२४ | ७०.८२ | ७२.५५ |

# जिल्ला अनुसार जनसंख्या वृद्धिदर

- हिमाली र पहाडी क्षेत्रका ३४ वटा जिल्लामा वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक अर्थात् घटेको देखिएको छ जुन गत २०६८ को जनगणना अनुसार २७ वटा जिल्लामा ऋणात्मक देखिएको थियो ।
- सबैभन्दा बढी वार्षिक वृद्धिदर भक्तपुर जिल्लामा (३.३५%) र सबैभन्दा बढी बार्षिक जनसंख्या घट्ने दर रामेछाप जिल्लामा (–१.६७%) रहेको छ ।
- देशभरका ऋणात्मक वार्षिक वृद्धिदर भएका ३४ जिल्लाहरू मध्ये डोटी जिल्ला जनसंख्या घट्ने दर बढी हुने जिल्लाहरूमा २७ औं जिल्ला रहेको छ भने सुदूरपश्चिम प्रदेशका जिल्लाहरू मध्ये तेस्रो स्थानमा छ ।

| क्र.सं. | वृद्धिदर सबैभन्दा बढी धनात्मक हुने जिल्ला | जनसंख्या | | वार्षिक जनसंख्या वृद्धिदर (%) |
|---|---|---|---|---|
| | | २०६८ | २०७८ | |
| १ | भक्तपुर | ३०४६५१ | ४३२१३२ | ३.३५ |
| २ | रुपन्देही | ८८०१९६ | ११२१९५७ | २.३३ |
| ३ | चितवन | ५७९९८४ | ७१९८५९ | २.०७ |
| ४ | बाँके | ४९१३१३ | ६०३१९४ | १.९७ |
| ५ | झापा | ८१२६५० | ९९८०५४ | १.९७ |

| क्र.सं. | वृद्धिदर सबैभन्दा कम (ऋणात्मक)हुने जिल्ला | जनसंख्या | | वार्षिक जनसंख्या वृद्धिदर(प्रतिशत) |
|---|---|---|---|---|
| | | २०६८ | २०७८ | |
| १ | रामेछाप | २०२६४६ | १७०३०२ | -१.६७ |
| २ | खोटाङ | २०६३१२ | १७५२९८ | -१.५६ |
| ३ | भोजपुर | १८२४५९ | १५७९२३ | -१.३९ |
| ४ | मनाङ | ६५३८ | ५६५८ | -१.३९ |
| ५ | तेह्रथुम | १०१५७७ | ८८७३१ | -१.३० |
| ६ | स्याङ्जा | २८९१४८ | २५३०२४ | -१.२८ |
| ७ | गुल्मी | २८०१६० | २४६४९४ | -१.२३ |
| ... | ...... | | | |
| २७ | डोटी | २११७४६ | २०४८३१ | -०.३२ |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय जनगणना २०७८

# डोटी जिल्लाको नतिजाको सारांश

# विभिन्न जनगणना अनुसार डोटी जिल्लाको जनसंख्या

| जनगणना बर्ष (वि.सं) | जनसंख्या | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) | जनघनत्व (जनसङ्ख्या प्रतिवर्ग किलोमिटर) |
|---|---|---|---|---|
| २०२८ | १,६६,०७० | | | |
| २०३८ | १,५३,१३५ | ९६ | -०.८१ | ७६ |
| २०४८ | १,६७,१६८ | ९३ | ०.८८ | ८३ |
| २०५८ | २,०७०६६ | १०० | २.१४ | १०२ |
| २०६८ | २,११,७४६ | ८५ | ०.२२ | १०५ |
| २०७८ | २,०४,८३१ | ८४.१६ | -०.३२ | १०१ |

# डोटी जिल्लाको जनसंख्या र जनसंख्या वृद्धिदर

- राष्ट्रिय जनगणना २०७८ अनुसार (जनगणना सन्दर्भ दिन २०७८ साल मंसिर ९ गते) डोटीको जनसंख्या २,०४,८३१ रहेको छ, जसमध्ये पुरुषको संख्या ९३,६०४ (४५.७० प्रतिशत) र महिलाको संख्या १,११,२२७ (५४.३० प्रतिशत) छ। जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या ८४.१६ रहेको छ ।
- गत २०६८ सालमा कुल जनसंख्या २,११,७४६ र लैङ्गिक अनुपात ८५ थियो ।
- दश वर्षको सरदर वार्षिक जनसंख्या वृद्धिदर -०.३२ प्रतिशत देखिन्छ ।
- वि.सं. २०५८ देखि २०६८ सम्मको दश वर्षमा सरदर वार्षिक जनसंख्या वृद्धिदर ०.२२ प्रतिशत रहेको थियो।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय जनगणना २०७८

# राष्ट्रिय जनगणना २०७८ अनुसार डोटी जिल्लाको जनसंख्या विवरण

| विवरण | | जनगणना २०७८ | जनगणना २०६८ |
|---|---|---|---|
| जम्मा परिवार संख्या | | ४५,१८२ | ४१,४४० |
| जनसंख्या | जम्मा | २,०४,८३१ | २,११,७४६ |
| | पुरुष | ९३,६०४ | ९७,२५२ |
| | महिला | १,११,२२७ | १,१४,४९४ |
| परिवारको औसत आकार | | ४.५३ | ५.१ |
| लैंङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) | | ८४.१६ | ८५ |
| जनघनत्व | | १०१ | १०५ |
| वार्षिक जनसंख्यावृद्धिदर (%) | | -०.३२ | ०.२२ |
| अनुपस्थित (अक्सर विदेशमा बस्ने) जनसंख्या | परिवार संख्या | १७,६२९ | |
| | जम्मा जनसंख्या | २८,५७४ | २३,५४४ |
| | पुरुष | २३,७५९ | २०,८६० |
| | महिला | ४,८१५ | २,६८४ |
| | प्रतिशत | १.३० | |
| ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर जनसंख्या (%) | जम्मा | ७०.७४ | ५६.४ |
| | पुरुष | ८२.९१ | ७३.४ |
| | महिला | ६०.८७ | ४२.३ |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय


# राष्ट्रिय जनगणना २०७८

## डोटी जिल्लाका स्थानीय तहको जनसंख्या विवरण

| स्थानीय तह | | आदर्श गाउँपालिका | बडीकेदार गाउँपालिका | बोगटान फुडसिल गाउँपालिका | दिपायल सिलगढी नगरपालिका | जोरायल गाउँपालिका | के.आई.सिं. गाउँपालिका | पुर्विचौकी गाउँपालिका | सायल गाउँपालिका | शिखर नगरपालिका | संस्थागत | जम्मा (डोटी) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिवार संख्या | | ५३१७ | २९०५ | ३१६२ | ८३८५ | ४३२० | ४६८० | ५१४८ | ४२०७ | ७०१६ | ४२ | ४५१८२ |
| जम्मा जनसंख्या | | २४४९५ | १४९०२ | १५५४० | ३३९६८ | १९७८८ | २०७३६ | २१४९४ | २०४५६ | ३०३९९ | ३०५३ | २०४८३१ |
| पुरुष | | १०४०० | ७३७७ | ७२५९ | १५४६९ | ९७१८ | ८९९० | ९२३८ | ९२०६ | १३३१२ | २६३५ | ९३६०४ |
| महिला | | १४०९५ | ७५२५ | ८२८१ | १८४९९ | १००७० | ११७४६ | १२२५६ | ११२५० | १७०८७ | ४१८ | १११२२७ |
| परिवारको औसत आकार | | ४.६१ | ५.१३ | ४.९१ | ४.०५ | ४.५८ | ४.४३ | ४.१८ | ४.८६ | ४.३३ | | ४.५३ |
| लैङ्गिक अनुपात | | ७३.७९ | ९८.०३ | ८७.६६ | ८३.६२ | ९६.५० | ७६.५४ | ७५.३८ | ८१.८३ | ७७.९१ | | ८४.१६ |
| वार्षिक जनसंख्या वृद्धिदर (%) | | ०.२२ | -१.१० | -१.३६ | ०.२९ | -०.४९ | -०.०८ | -०.४३ | ०.४३ | -०.४३ | | -०.३२ |
| जनघनत्व | | १९१ | ४५ | ५२ | २६८ | ४७ | १६३ | १८३ | १६७ | १०७ | | १०१ |
| साक्षरता दर (प्रतिशतमा) | जम्मा | ६७.०२ | ७६.११ | ७०.४१ | ७३.३१ | ७७.७८ | ६९.४८ | ६७.८९ | ६२.०७ | ६९.०० | ९९.४४ | ७०.७४ |
| | पुरुष | ८०.८७ | ८४.७९ | ८१.२३ | ८६.६३ | ८७.०५ | ८१.६९ | ८०.७८ | ७२.९९ | ८२.०७ | ९९.६६ | ८२.९१ |
| | महिला | ५७.३१ | ६७.६८ | ६१.२६ | ६२.७५ | ६८.९१ | ६०.५६ | ५८.७१ | ५३.४३ | ५९.३० | ९८.०५ | ६०.८७ |

# डोटी जिल्लाका स्थानीय तहको जनसंख्या वृद्धिदर

- जिल्लाको स्थानीय तहगत रुपमा २०६८ देखि २०७८ को एक दशकको वार्षिक जनसंख्या वृद्धिदर सबैभन्दा बढी सायल गाउँपालिकामा ०.४३ प्रतिशत र सबै भन्दा कम बोगटान फुडसिल गाउँपालिकामा -१.३६ प्रतिशतले वार्षिक जनसंख्या वृद्धि भएको छ ।



# परिवारमा अनुपस्थित ( विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या


- जनगणनाको नतिजाअनुसार देशका १५ लाख ५५ हजार ९६१ (२३.४%) परिवारहरु बाट २१ लाख ९० हजार ५९२ जना परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेको देखिन्छ, जसमध्ये पुरुष १७,९९,६७५ (८२.२ प्रतिशत) र महिला ३,९०,९१७ (१७.८ प्रतिशत) रहेका छन् ।

- डोटी जिल्लाका १७ हजार ६२९ (३९%) परिवारहरु बाट २८ हजार ५७४ जना परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेको देखिन्छ, जसमध्ये पुरुष २३७५९ (८३.१ प्रतिशत) र महिला ४८१५(१६.९ प्रतिशत) रहेका छन् ।

| विवरण | | नेपाल | सुदुरपश्चिम प्रदेश | डोटी |
|---|---|---|---|---|
| जम्मा परिवार संख्या | | ६६,६६,९३७ | ५,७७,१०२ | ४५,१८२ |
| अनुपस्थित (अक्सर विदेशमा बस्ने) संख्या | परिवार संख्या | १५,५५,९६१ | १,७२,११५ | १७,६२९ |
| | जम्मा जनसंख्या | २१,९०,५९२ | ३,४३,५२३ | २८,५७४ |
| | पुरुष | १७,९९,६७५ | २,५५,७६१ | २३,७५९ |
| | महिला | ३,९०,९१७ | ८७,७६२ | ४,८१५ |
| | प्रतिशत | १००.०० | १५.६८ | १.३० |
| प्रति सय परिवारमा कम्तिमा कम्तिमा १ जना सदस्य अनुपस्थित (अक्सर विदेशमा बस्ने) भएको परिवार संख्या (%) | | २३.३४ | २९.८२ | ३९.०२ |

# डोटी जिल्लामा स्थानीय तह अनुसार परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या

| स्थानीय तह | अनुपस्थि विदेश जनसंख्या | प्रतिशत |
|---|---|---|
| आदर्श गाउँपालिका | ४५९९ | १६.१० |
| बडीकेदार गाउँपालिका | ८७० | ३.०४ |
| बोगटान फुडसिल गाउँपालिका | १८६४ | ६.५२ |
| दिपायल सिलगढी नगरपालिका | ४४९२ | १५.७२ |
| जोरायल गाउँपालिका | १०२२ | ३.५८ |
| के.आई.सिं. गाउँपालिका | ३५६४ | १२.४७ |
| पुर्विचौकी गाउँपालिका | ४१५९ | १४.५६ |
| सायल गाउँपालिका | २६५८ | ९.३० |
| शिखर नगरपालिका | ५३४६ | १८.७१ |



नेपाल सरकार


प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राष्ट्रिय तथ्याङ्क कार्यालय

## राष्ट्रिय जनगणना २०७८

# परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या कुन देशमा कति.......... ?


जनगणनाको नतिजा अनुसार डोटी जिल्लामा परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गर्ने कुल जनसंख्या २८,५७४ मध्ये २७३६८ जना अर्थात ९५.७८ प्रतिशत भारतमा रहेको छ ।




| देश | जम्मा | India | SAARC | ASEAN | Middle East | Other Asian | European Country | Other European | North American | South American | African | Pacific | Other | Not Stated |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अनुपस्थित विदेश जनसंख्या | २८५७४ | २७३६८ | १० | २५९ | ६०४ | ११० | ४२ | ८ | ६८ | १ | १३ | ३८ | २० | ३३ |
| प्रतिशत | १००.०० | ९५.७८ | ०.०३ | ०.९१ | २.११ | ०.३८ | ०.१५ | ०.०३ | ०.२४ | ०.०० | ०.०५ | ०.१३ | ०.०७ | ०.१२ |

# परिवारमा अनुपस्थित (स्वदेश अक्सर बसोबास गर्ने) जनसंख्या


- डोटी जिल्लाबाट १३ हजार ८९० जनसंख्या अनुपस्थित स्वदेशमा अक्सर बसोबास गरेको देखिन्छ, जसमध्ये पुरुष ८६२५(६२.१ प्रतिशत) जना र महिला ५२६५(३७.९ प्रतिशत) जना रहेका छन् ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय जनगणना २०७८


# डोटी जिल्लामा उमेर समूहअनुसार जनसंख्याको संरचना

- जनसंख्याको ५ वर्षको उमेर समूह अनुसार १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसंख्याको सबैभन्दा बढी प्रतिशत (१३.७%) रहेको छ ।
- जनसंख्या ५ देखि ९ वर्ष उमेर समूहमा १२.१% जनसंख्या रहेको छ ।
- उमेर समूह वढ्दै जाँदा जनसंख्याको प्रतिशत पनि कम हुँदै गएको छ ।




# जनघनत्व

- जनगणनाको नतिजा अनुसार जनघनत्व (प्रति वर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसंख्या) १९८ जना प्रतिवर्ग किलोमिटर रहेको छ, जुन २०६८ सालमा १८० मात्र थियो।
- प्रदेश अनुसार मधेश प्रदेशमा सबैभन्दा बढी ६३३ जना प्रति वर्ग कि.मि.मा बसोवास गरेका छन्। भन्दा कम कर्णाली प्रदेशमा ६० जना प्रति वर्ग कि.मि.मा बसोबास गरेका छन्।
- डोटी जिल्लाको जनघनत्व १०१ जना प्रतिवर्ग किलोमिटर रहेको छ ।



# डोटीका स्थानीय तहमामा जनघनत्व

- डोटी जिल्लाका स्थानीय तहगत रूपमा सबैभन्दा धेरै जनघनत्व दिपायल सिलगढी नगरपालिकामा २६८ जना प्रतिवर्ग किलोमिटर र सबैभन्दा कम बडीकेदार गाउँपालिकामा ४५ जना प्रतिवर्ग किलोमिटर रहेको छ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
**राष्ट्रिय जनगणना २०७८**


# घरको संख्या र मुख्य प्रयोग

- जनगणनाको नतिजा अनुसार डोटी जिल्लामा जम्मा ४५,५५२ वटा घर संरचना रहेको छ, जसमध्ये मुख्यरुपमा आवासको लागि प्रयोग भएका घर ७६.४४ प्रतिशत, व्यापार ३.४८ प्रतिशत, सरकारी ०.८४ प्रतिशत, शैक्षिक २.९९ प्रतिशत, स्वास्थ्यजन्य ०.४४ प्रतिशत उद्योग-कलकारखाना ०.१५, बैंक तथा वित्तीय संस्था ०.१२ प्रतिशत, संस्थागत ०.४१ प्रतिशत , होटल तथा लज ०.३६ प्रतिशत, गोठ-धन्सार-मतान ४.०७ प्रतिशत, अन्य (जस्तैः भान्सा घर) २.४८ प्रतिशत र खाली घर ८.२३ प्रतिशत रहेका छन् ।

| | संख्या/ प्रतिशत | जम्मा घर संख्या | आवासीय | व्यापार | सरकारी | शैक्षिक | स्वास्थ्य जन्य | उद्योग/कल कारखाना | बैंक तथा वित्तीय संस्था | संस्थागत | होटेल तथा लज | गोठ/धन्सार /मतान | अन्य | खाली घर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| डोटी | संख्या | ४५,५५२ | ३४,८२२ | १,५८५ | ३८१ | १,३६२ | २०२ | ६७ | ५३ | १८५ | १६४ | १,८५३ | १,१३१ | ३,७४७ |
| | % | १००.०० | ७६.४४ | ३.४८ | ०.८४ | २.९९ | ०.४४ | ०.१५ | ०.१२ | ०.४१ | ०.३६ | ४.०७ | २.४८ | ८.२३ |

# परिवारमूली

- हाल देशमा कुल ६६ लाख ६६ हजार ९३७ परिवार रहेकोमा ती मध्ये ४५ लाख ६३ हजार ६५९ अर्थात ६८.४५ प्रतिशत परिवारमूली पुरुष रहेको पाइन्छ भने बाँकी २१ लाख ३ हजार २७८ परिवार अर्थात ३१.५५ प्रतिशत परिवारमूली महिला रहेका छन् ।
- डोटी जिल्लामा ४५ हजार १८२ परिवार रहेकोमा ती मध्ये २४ हजार ३९८ अर्थात ५४ प्रतिशत परिवारमूली पुरुष रहेको पाइन्छ भने बाँकी २० हजार ७८४ परिवार अर्थात ४६ प्रतिशत परिवारमूली महिला रहेका छन् ।




# जनसंख्याको शैक्षिक स्थिति : साक्षरता

- जनगणनाको नतिजा अनुसार अनुसार देशको समग्र साक्षरता दर (५ वर्ष वा सो भन्दा माथिल्लो उमेर पढ्न र लेख्न दुबै जान्ने ) ७६.२ प्रतिशत रहेको छ। पुरुषको साक्षरता दर ८३.६ प्रतिशत रहेको छ र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ।प्रदेशगत रूपमा बागमती प्रदेशमा सबै भन्दा धेरै ८२.१ प्रतिशत साक्षरता दर रहेको छ। मधेश प्रदेशमा सबै भन्दा कम साक्षरता दर (६३.५%) रहेको छ।


- सुदूरपश्चिम प्रदेशको साक्षरता दर ७६.२३ प्रतिशत रहेको छ। पुरुषको साक्षरता दर ८५.४३ प्रतिशत रहेको छ र महिलाको साक्षरता दर ६८.१९ प्रतिशत रहेको छ।

- डोटीको साक्षरता दर ७०.७४ प्रतिशत रहेको छ। पुरुषको साक्षरता दर ८२.९१ प्रतिशत रहेको छ र महिलाको साक्षरता दर ६०.८७ प्रतिशत रहेको छ।



# डोटी जिल्लामा स्थानीय तह अनुसार साक्षरता दर


- सबै स्थानीय तहहरुमा ६२ प्रतिशत भन्दा धेरै साक्षरता दर देखिएको छ ।
- जोरायल गाउँपालिकामा सबैभन्दा वढि (७७.७८%) र सायल गाउँपालिकामा सबैभन्दा कम साक्षरता दर (६२.०७%) रहेको छ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय जनगणना २०७८

# डोटी जिल्लामा धर्म अनुसार जनसंख्या विवरण

जनगणना २०७८ को नतिजा अनुसार डोटी जिल्लामा ८ प्रकारका धर्म मान्ने मानिसको बसोबास रहेको छ । जसमा कूल जनसंख्या २०४८३१ मध्ये हिन्दु धर्म मान्ने जनसंख्या २०२७१७ अर्थात ९८.९७ प्रतिशत सबैभन्दा बढी देखाएको छ ।त्यसै गरी , बौद्ध धर्म १३८० जना, इस्लाम ११४ जना, किराँत १३ जना, क्रिस्चियन २९५ र प्रकृति धर्म मान्ने ३०५ जनाले रहेका छन् । त्यसै गरी जैन र वहाइ धर्म मान्ने क्रमश २ र ५ रहेका छन् ।




| धर्म | | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन | प्रकृति | जैन | वहाइ |
|---|---|---|---|---|---|---|---|---|---|
| डोटी | जम्मा जनसंख्या | २०२७१७ | १३८० | ११४ | १३ | २९५ | ३०५ | २ | ५ |
| | प्रतिशत | ९८.९७ | ०.६७ | ०.०६ | ०.०१ | ०.१४ | ०.१५ | ०.०० | ०.०० |


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय जनगणना २०७८

# स्थानीय तहमा धर्मअनुसार जनसंख्या विवरण

| क्र.स. | स्थानीय तह | जम्मा जनसंख्या | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन | प्रकृति | जैन | वहाइ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आदर्श गाउँपालिका | २४४९५ | २४४९१ | ३ | ० | ० | १ | ० | ० | ० |
| २ | बडीकेदार गाउँपालिका | १४९०२ | १३९६४ | ८४७ | ० | ० | ३६ | ५५ | ० | ० |
| ३ | बोगटान फुडसिल गाउँपालिका | १५५४० | १५४२५ | ११० | ० | ० | ० | ५ | ० | ० |
| ४ | दिपायल सिलगढी नगरपालिका | ३३९६८ | ३३७५६ | १८ | ८९ | ४ | ९५ | ४ | ० | २ |
| ५ | जोरायल गाउँपालिका | १९७८८ | १९०८५ | ३२२ | १५ | ४ | १२० | २४१ | ० | १ |
| ६ | के.आई.सिं. गाउँपालिका | २०७३६ | २०७०७ | १४ | ८ | ० | ६ | ० | ० | १ |
| ७ | पुर्विचौकी गाउँपालिका | २१४९४ | २१४८१ | ७ | ० | ० | ५ | ० | ० | १ |
| ८ | सायल गाउँपालिका | २०४५६ | २०४३६ | २ | ० | ० | १८ | ० | ० | ० |
| ९ | शिखर नगरपालिका | ३०३९९ | ३०३८१ | ८ | २ | ० | ६ | ० | २ | ० |
| | संस्थागत | ३०५३ | २९९१ | ४९ | ० | ५ | ८ | ० | ० | ० |
| डोटी | जनसंख्या | २०४८३१ | २०२७१७ | १३८० | ११४ | १३ | २९५ | ३०५ | २ | ५ |
| | प्रतिशत | | | | | | | | | |

# डोटी जिल्लामा जातजाति अनुसार जनसंख्या विवरण.....

- जनगणना २०७८ को नतिजा अनुसार डोटी जिल्लामा ३० जातजातिका मानिसको बसोबास रहेको छ । जसमध्ये कूल जनसंख्या २०४८३१ मध्ये क्षेत्री ५९.९३ प्रतिशत, विश्वकर्मा ११.६७ प्रतिशत, परियार ७.०७ प्रतिशत, पहाडी ब्रहामण ६.७५ प्रतिशत, मिजार ५.३७ प्रतिशत, मगर ३.५५ प्रतिशत, ठकुरी ३.५० र बाँकी अन्य विभिन्न जातजातिहरू २.१६ रहेका छन् ।




| प्रमुख ७ जातजाति | | क्षेत्री | विश्वकर्मा | परियार | ब्रहामण-पहाडी | मिजार | मगर | ठकुरी | अन्य सबै |
|---|---|---|---|---|---|---|---|---|---|
| डोटी | जनसंख्या(संख्या) | १२२७५९ | २३९०९ | १४४७३ | १३८३० | ११००५ | ७२६६ | ७१७० | ४४१९ |
| | जनसंख्या(प्रतिशत) | ५९.९३ | ११.६७ | ७.०७ | ६.७५ | ५.३७ | ३.५५ | ३.५० | २.१६ |

# जन्मदर्ताको अवस्था अनुसार बालबालिकाको संख्या

- जनगणनामा देशभर कुल ३० लाख ७ हजार ६४८ जना ५ वा ५ बर्ष मूनिका बालबालिका मध्ये ७४. प्रतिशतले जन्मदर्ता गरेका छन् भने २६ प्रतिशतले जन्मदर्ता गरेका छैनन् ।
- डोटीका कुल २७ हजार ९७ जना ५बर्ष वा सो भन्दा मूनिका बालबालिका मध्ये ९०.६७ प्रतिशतले जन्मदर्ता गरेका छन् भने ९.३३ प्रतिशतले जन्मदर्ता गरेका छैनन् ।

## ५बर्ष वा सो भन्दा मूनिका बालबालिका जन्मदर्ताको अवस्था

| क्र.स. | स्थानीय तह | कूल जम्मा | बालबालिकाको संख्या | | बालबालिकाको संख्या(%) | |
|---|---|---|---|---|---|---|
| | | | जन्मदर्ता गरेको | जन्मदर्ता नगरेको | जन्मदर्ता गरेको | जन्मदर्ता नगरेको |
| १ | आदर्श गाउँपालिका | ३६३० | ३३३२ | २९८ | ९१.७९ | ८.२१ |
| २ | बडीकेदार गाउँपालिका | १७२१ | १४८४ | २३७ | ८६.२३ | १३.७७ |
| ३ | बोगटान फुडसिल गाउँपालिका | २२४९ | २०३४ | २१५ | ९०.४४ | ९.५६ |
| ४ | दिपायल सिलगढी नगरपालिका | ४४९७ | ४०६० | ४३७ | ९०.२८ | ९.७२ |
| ५ | जोरायल गाउँपालिका | २१५८ | १९०३ | २५५ | ८८.१८ | ११.८२ |
| ६ | के.आई.सिं. गाउँपालिका | २७६३ | २६१५ | १४८ | ९४.६४ | ५.३६ |
| ७ | पुर्विचौकी गाउँपालिका | ३१५९ | २८७५ | २८४ | ९१.०१ | ८.९९ |
| ८ | सायल गाउँपालिका | ३१७८ | २८४३ | ३३५ | ८९.४६ | १०.५४ |
| ९ | शिखर नगरपालिका | ३७२५ | ३४०८ | ३१७ | ९१.४९ | ८.५१ |
| १० | संस्थागत | १७ | १५ | २ | ८८.२४ | ११.७६ |
| जम्मा(डोटी) | | २७०९७ | २४५६९ | २५२८ | ९०.६७ | ९.३३ |


# पारिवारिक विवरण

पारिवारिक विवरण सम्बन्धी प्रश्नहरु संस्थागत रुपमा बस्ने बाहेकका परिवारलाई मात्र सोधिएकोले पारिवारिक खण्डका नतिजाहरु जम्मा ४५१४० परिवार संख्याका आधारमा निकालिएका छन् ।

# परिवारमा खानेपानीको मुख्य स्रोत


- कुल ६६,६०,८४१ परिवार मध्ये खानेपानीको मुख्य स्रोतको रुपमा धारा-पाइप (घरपरिसर भित्र) प्रयोग गर्ने ३४.६ प्रतिशत र धारा-पाइप (घरपरिसर बाहिर) २२.४ प्रतिशत, ट्युबवेल-हाते पम्प २९.८ प्रतिशत, ढाकिएको इनार-कुवा १.५ प्रतिशत, मूल धारा ३.९ प्रतिशत र जार-बोतल ४.६ प्रतिशत परिवार रहेका छन्।

- डोटी जिल्लामा कुल ४५१४० परिवार मध्ये खानेपानीको मुख्य स्रोतको रुपमा धारा-पाइप (घरपरिसर भित्र) प्रयोग गर्ने २५.४२ प्रतिशत र धारा-पाइप (घरपरिसर बाहिर) ५१.२२ प्रतिशत, ट्युबवेल-हाते पम्प ०.० प्रतिशत, ढाकिएको इनार-कुवा १.११ प्रतिशत, खुला इनार कुवा ३.८७ प्रतिशत मूल धारा १४.०७ प्रतिशत, नदी खोला ४.०८ प्रतिशत, जार-बोतल ०.१० प्रतिशत र अन्य ०.१४ प्रतिशत परिवार रहेका छन्।




# परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

- जनगणनाको नतिजाले देशभरका कुल परिवारमध्ये आधा भन्दा बढी (५१ प्रतिशत) परिवारले खाना पकाउन अक्सर काठ-दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। खाना पकाउन अक्सर एल.पि.ग्यॉंस, बिजुली, गुईठा-गोरहा, बायोग्यॉंस, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवारको प्रतिशत क्रमशः ४४.३, ०.५, २.९, १.२, ०.०५ र ०.१ रहेको छ।
- डोटी जिल्लाका कुल परिवारमध्ये (८९.९१ प्रतिशत) परिवारले खाना पकाउन अक्सर काठ-दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। खाना पकाउन अक्सर एल.पि.ग्यॉंस, बिजुली, गुईठा-गोरहा, बायोग्यॉंस र अन्य इन्धन प्रयोग गर्ने परिवारको प्रतिशत क्रमशः ९.५५, ०.०७, ०.०, ०.२८, र ०.१९ रहेको छ।



# परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने इन्धनको स्रोत


- देशका अधिकांश (९२.२ प्रतिशत) घरपरिवारहरुले आफू बसोबास गरेको घर-आवासीय एकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। बत्ती बाल्नका लागि अक्सर सोलार-सौर्य ऊर्जा, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः ६.६, ०.६, र ०.६ प्रतिशत रहेको देखिन्छ।
- डोटी जिल्लाका अधिकांश (७२.५७ प्रतिशत) घरपरिवारहरुले आफू बसोबास गरेको घर-आवासीय एकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। बत्ती बाल्नका लागि अक्सर सोलार-सौर्य ऊर्जा, मट्टितेल, बायोग्यास र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः २३.०३, ०.४९, ०.०५ र ३.८६ प्रतिशत रहेको देखिन्छ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय जनगणना २०७८

# परिवारले प्रयोग गर्ने शौचालय


- देशका कुल ६६,६०,८४१ परिवारमध्ये ९५.५ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने ४.५ प्रतिशत परिवारहरुसँग अझै पनि शौचालयको पहुँच नभएको तथ्याङ्क जनगणनाको नतिजाले देखाएको छ ।
- डोटी जिल्लामा जम्मा परिवारमध्ये ३.८६ प्रतिशत परिवारहरुले सार्वजनिक ढलमा जोडिएको फ्लस भएको ५९.०१ प्रतिशत परिवारहरुले सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस भएको, ३३.३० प्रतिशतले साधारण शौचालय र ०.४५ प्रतिशतले सार्वजनिक शौचालय प्रयोग गर्ने गरेका छन् ।
- डोटी जिल्लाका कुल ४५१४० परिवारमध्ये ९६.६३ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने **३.३७ प्रतिशत परिवारहरुसँग अझै पनि शौचालयको पहुँच नभएको तथ्याङ्क जनगणनाको नतिजाले देखाएको छ ।**



# परिवारमा उपलव्ध साधन-सुविधाहरु

- देशका हरेक परिवारमा भएका साधन तथा सेवा सुविधाहरुका विवरण अनुसार ३.९ प्रतिशत परिवारहरुमा उल्लिखित कुनै पनि साधन-सुविधाहरु उपलव्ध नभएको पाइयो भने ९६.१ प्रतिशत परिवारमा कम्तिमा एक किसिमको साधन-सुविधा उपलब्ध भएको पाइएको छ ।
- डोटी जिल्लाका हरेक परिवारमा भएका साधन तथा सेवा सुविधाहरुका विवरण अनुसार १२.४ प्रतिशत परिवारहरुमा उल्लिखित कुनै पनि साधन-सुविधाहरु उपलव्ध नभएको पाइयो भने ८७.६ प्रतिशत परिवारमा कम्तिमा एक किसिमको साधन-सुविधा उपलब्ध भएको पाइएको छ ।
- साधारण मोबाइल फोन हुने र स्मार्ट मोबाइल फोन हुने परिवारको संख्या क्रमशः ७६.२ प्रतिशत र ४८.१ प्रतिशत देखिएको छ ।
- नतिजाअनुसार १३ प्रतिशतमा टेलिभिजन, १४.४ प्रतिशतमा इन्टरनेट सुविधा, ४६.५ प्रतिशतमा रेडियो सुविधा उपयोगमा रहेको देखिन्छ ।


## डोटी जिल्लामा परिवारमा उपलव्ध साधन-सुविधाहरु



# परिवारमा महिलाको नाममा रहेको घरजग्गा

- जनगणनाको नतिजा अनुसार देशभर जम्मा परिवारको ११.८ प्रतिशत परिवारमा महिलाको नाममा घर र जग्गा दुवै रहेको देखिएको छ। महिलाको नाममा जग्गा मात्र भएका परिवार ९.७ प्रतिशत र घर मात्र भएका परिवार २.३ प्रतिशत रहेका छन्।
- समग्रमा २३.८ प्रतिशत परिवारहरुमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुबै रहेको देखिन्छ।
- डोटी जिल्लामा जम्मा परिवारको ३.०७ प्रतिशत परिवारमा महिलाको नाममा घर र जग्गा दुवै रहेको देखिएको छ। महिलाको नाममा जग्गा मात्र भएका परिवार २.३३ प्रतिशत र घर मात्र भएका परिवार ०.४४ प्रतिशत रहेका छन्।
- समग्रमा ५.८४ प्रतिशत परिवारहरुमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुबै रहेको देखिन्छ।

## डोटीमा परिवारमा महिलाको नाममा रहेको घरजग्गा



# वेवसाइटमा जनगणनाका तथ्याक हेर्ने विधि

- https://censusnepal.cbs.gov.np/results

  - साविकको केन्द्रीय तथ्याक विभागको वेवसाइट www.cbs.gov.np हाल परिवर्तन भइ nsonepal.gov.np भएको छ ।
  - nsonepal.gov.np बाट पनि जनगणनाका नतिजाहरु हेर्न सकिन्छ तर हाल वेवसाइट परिवर्तनको काम भइरहेको हुनाले केही समस्या हुन सक्छ ।
  - मोवाइलको प्ले स्टोरमा गइ Nepal Census Results एप download गरेर जनगणनाको पालिका स्तर सम्मका प्रमुख सूचकहरु हेर्न सकिन्छ ।

## अन्त्यमा....

# धन्यवाद !

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८